बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

२०७३

कोशी प्रदेश, नेपाल

प. सं. २०८१/०८२

च.नं. २२३६ (आर्थिक विकास,सहकारी प्रवर्द्धन तथा उद्यम विकास शाखा)

मिति : २०८२।०२।१३

विषयः सूचना टाँस गरिदिने सम्वन्धमा ।

श्री वडा कार्यालयहरु (१-९) सवै
बेलका नगरपालिका उदयपुर

प्रस्तुत विषयमा बेलका नगरपालिकाको च.नं. २२४४ मिति २०८२/०२/१३ गतेको सहकारी सहकारी संस्था खारेजी सम्वन्धि ३५ दिने सार्वजनिक सूचना यसै पत्र साथ संलग्न राखि पठाईएको छ । उक्त सहकारी संस्थाको स्थायी ठेगाना कायम रहेको वडाको सम्वन्धित टोल विकासमा पत्राचार गरि राय समेत उपलव्ध गराईदिन हुनका साथै सूचना टाँसको जानकारी समेत उपलव्ध गराईदिन हुन अनुरोध छ ।

रविकिरण आचार्य
नि.प्रमुख प्रशासकीय अधिकृत

रवि किरण आचार्य
निमित्त प्रमुख प्रशासकीय अधिकृत

बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

२०७३

कोशी प्रदेश, नेपाल

प. सं. २०८१/०८२

च.नं. १२४४ (आर्थिक विकास,सहकारी प्रवर्द्धन तथा उद्यम विकास शाखा) मिति : २०८२।०२।१३

**विषयः सहकारी संस्था खारेजी सम्वन्धि ३५ दिने सार्वजनिक सूचना**

यसमा बेलका नगरपालिका वडा नं. ४ कटारी, उदयपुरलाई स्थायी ठेगाना तोकि मिति २०७३ पौष २६ गतेका दिन साविक डिभिजन सहकारी कार्यालय उदयपुरमा दर्ता नं. २२ कायम रहेको **गौरीशंकर महिला कृषि सहकारी संस्था लि.** हाल बेलका नगरपालिकाको नियमन क्षेत्राधिकार भित्र परेको । आन्तरिक राजश्व विभाग अन्तरगत स्थायी लेखा नं. ६१२८६१९७० कायम रहि मिति २०७६ माघ ६ गतेका दिन करदाता सेवा कार्यालय उदयपुरमा व्यवसायिक अभिलेखिकरण भएको देखिन आएको छ ।

उक्त **गौरीशंकर महिला कृषि सहकारी संस्था लि. बे.न.पा.-४ कटारी, उदयपुरको** आ.व.२०८०/०८१ सम्मको लेखापरिक्षण प्रतिवेदन प्राप्त भएको र मिति २०८२ वैशाख १ गते वसेको साधारण सभाको निर्णय नं. ३ को निर्णय कार्यन्वयनार्थ यस पालिकावाट कार्यवाही हुँदा कुल शेयर सदस्य संख्या ९२ मा ५९ जना शेयर सदस्य संख्याको उपस्थिति रहेको । सो सम्वन्धमा संघीय सहकारी ऐन, २०७४ को दफा ४०को उपदफा (४) वमोजिम गणपुरक संख्या कायम रहेको देखिन आएको हुँदा सहकारी संस्था वन्द गर्ने निर्णय सहकारी सदस्यको सदस्य केन्द्रीयता अनुरुप मनासिव देखिएको।

सहकारी संस्थाको स्थायी ठेगाना कायम रहेको वडा कार्यालय बेलका नगरपालिका वडा नं.-४ को कार्यालयवाट च.नं. ११३० मिति २०८२/०१/१७ गतेको पत्रानुसार यस पालिकालाई सहकारी संस्था वन्द गरिदिने सम्वन्धमा सिफारिस भई आएको र सो सम्वन्धमा सहकारी संस्थाका तर्फवाट च.नं. ५१ मिति २०८२/०१/१५ गतेको पत्रानुसार सहकारी संस्था वन्द गरिदिने सम्वन्धमा पत्राचार हुँदा मिति २०८२/०१/१० गतेको साधारण सभाको निर्णयको प्रतिलिपि, सहकारी संस्थाका कुल शेयर सदस्य मध्ये ८२ जनाले आफ्नो शेयर वचत फिर्ता लिएको भर्पाई र वन्द गर्नका लागि मञ्जुर भएको स्वघोषणा पत्र संलग्न गरेको ।

तत् सम्वन्धमा संघीय सहकारी ऐन,२०७४ को दफा ८८ वमोजिम उक्त सहकारी संस्था दर्ता खारेज हुने भएको हुँदा संघीय सहकारी नियमावली, २०७५ को नियम ६२ वमोजिम बाँकि शेयर सदस्य वा बेलका नगरपालिका क्षेत्र भित्र वसोवास गर्ने आम नागरिकहरुले उक्त संस्थावाट भुक्तानि लिन/दिन पर्ने भएमा यसै सूचनालाई आधारमानी बेलका नगरपालिकाको सहकारी शाखामा आवश्यक प्रमाणहरु सहित माग दाविका लागि पेश गर्नहुन सूचित गरिन्छ । नियम ६२ को उपनियम २ वमोजिम कानूनि कार्यवाहि बाँकि रहने अवधि सम्म मात्र संस्थागत दायित्व कायम हुने भएको हुँदा ऐनको दफा ८९ वमोजिम आवश्यक कार्यवाहि गर्नुपर्ने भएमा संस्था वा शेयर सदस्यले माग दावि गर्नहुन अनुरोध छ । अन्यथा सहकारी ऐनको दफा ८८ वमोजिम उक्त सहकारी संस्था खारेज भई जाने व्यहोरा सम्वन्धित सवै सरोकारवालाहरुलाई सूचित गरिन्छ ।

रविकिरण आचार्य
नि.प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

श्री वडा कार्यालयहरु(१-९) सवै
बेलका नगरपालिका,उदयपुर

श्री सूचना तथा प्रविधि शाखा- वेभसाईडमा अपलोड गरि पत्राचार गरिदिन हुन् ।

श्री गौरीशंकर महिला कृषि सहकारी संस्था लि. बे.न.पा.-४, उदयपुर ।

रवि किरण आचार्य
निमित प्रमुख प्रशासकीय अधिकृत